B063

Resource Centre
इन्सेक
INSEC

कमैया समस्या र समाधान

अन्तरक्रिया कार्यक्रम

२०५७ श्रावण १ गते
काठमाडौं

आयोजक
मानवअधिकार तथा सामाजिक न्याय मंच

प्रतिवेदन प्रस्तोता
कमला पराजुली
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

Resource Centre
10
इन्सेक
INSEC

कमैया समस्या र समाधान

अन्तरक्रिया कार्यक्रम

२०५७ श्रावण १ गते
काठमाडौं

आयोजक
मानवअधिकार तथा सामाजिक न्याय मंच

प्रतिवेदन प्रस्तोता
कमला पराजुली
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०५७ वैशाख १९ (मे पहिलो तारिख) देखि कैलालीबाट आरम्भ भएको कमैया आन्दोलन अहिले राजधानीसम्म फैलिइसकेको छ तर आन्दोलनको अन्त्य कहाँ, कहिले र कसरी हुन्छ भन्ने कुनै निश्चित नभएको र समस्या समधानतर्फ सरकारले खासै तदारूकता समेत नदेखाएकोले मानवअधिकार कार्यकर्ता जुर्मुराउन थालेका छन्। यसै सन्दर्भमा २०५७ साउन १ गते मानवअधिकार तथा समाजिक न्याय मंचको आयोजनामा कमैया समस्या र समाधान विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

मानवअधिकार तथा सामाजिक न्याय मंचकी सचिव गंगा कसजुको अध्यक्षतामा सम्पन्न उक्त अन्तरक्रिया कार्यक्रमको संचालन अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का महासचिव सुवोधराज प्याकुरेलले गर्नुभयो। देशमा प्रजातन्त्रको पुनर्वहाली भएको दश वर्ष वितिसक्दा पनि मानिसहरूले म दास छु, म बाँधा छु, म मुक्ति चाहान्छु र मैले न्याय पाउनु पर्छ भनेर आन्दोलनमा ओर्लनु पर्ने बाध्यता अन्त्यन्त लज्जास्पद कुरा हो भन्दै अन्तरक्रिया कार्यक्रमको संचालन आरम्भ गर्नुभयो। कार्यक्रममा उपस्थित महानुभावहरूलाई नेपाल ग्रामीण पुननिर्माण संस्थाका निर्देशक सर्वराज खड्काले स्वागत गर्नुभयो।

नेपालमा कमैयाहरूको अवस्था बारेमा, कमैया संख्या, कृषि मजदूर संख्या, उनीहरूले काम गर्ने समय, प्राप्त गर्ने ज्यालादरलाई जिल्ला, क्षेत्र, लिङ्ग र उमेरको आधारमा तथ्यांक प्रस्तुत गरिएको थियो। कमैया तथा कृषि मजदुरको अवस्था विश्लेषणको तथ्यांक र विवरणलाई इन्सेकका अध्यक्ष तथा राष्ट्रिय श्रम प्रतिष्ठानका महासचिव डा. शिव शर्माले प्रस्तुत गर्नुभएको थियो। प्रस्तुत भएको तथ्यांकबाट नै थाहा हुन आउँछ- कमैयाहरले अत्याधिक घण्टा काम गर्नुपर्छ। उनीहरूले काम अनुसारको अन्त्यन्त न्यून ज्याला प्राप्त गर्छन्। उनीहरूको ज्यालामा नियन्त्रण छ, धेरै दिन काम गरेर पनि थोरै ज्याला प्रप्त गर्नुपर्ने बाध्यता छ। एक जना कमैयाको ज्यालामा उसका सम्पूर्ण परिवारहरूले काम गर्नुपर्ने र त्यसैमा जीवन निवृह गर्नुपर्ने बाध्यता छ। जसले वर्षभरि खान पुग्दैन, ऋण लिनु पर्छ र हरेक पटकको ऋण बढ्दै गएर उनीहरू बधुँवाको अवस्थामा पुग्छन्। उक्त तथ्यांक अनुसार अधिराज्य भर स्थायी कृषि श्रमिक भएर काम गर्ने कृषि श्रमिकको संख्या झण्डै ३ लाख देखिन आएको छ। (प्रस्तुत तथ्य अनुसूचीमा समावेश गरिएको छ।)

कार्यक्रममा कमैया आन्दोलनको सन्दर्भमा भएका कार्यहरूको २१ मिनेटको डकुमेन्ट्री पनि प्रस्तुत गरियो।

संसद तथा विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने महानुभावहरूबाट कमैया समस्या र समाधानको सम्बन्धमा मन्तव्य प्रस्तुत भयो। मन्तव्यको क्रममा **व्याकवार्ड एजुकेशन सोसाइटीका अध्यक्ष डिल्ली चौधरीले** भन्नुभयो- अब कमैयाहरूले अधिकारको खोजी गर्न थालेका छन्। दास तथा बाधा जिवनबाट मुक्ति हुन चाहेका छन्, जसको लागि कैलालीको गेटाबाट आरम्भ एको कमैया आन्दोलन अहिले मध्यपश्चिम तथा सुदूर पश्चिमका पाँचैवटा जिल्लाहरूमा फैलिएको छ। यो आन्दोलनको आगो कसरी निभाउने ? कमैयाहरूको समस्या बढिरहेको छ। हामी आत्तिएका छौं। सत्ता पक्षले हाम्रो बारेमा के साँच्चै निर्णय गर्छ ? प्रतिपक्षले साँच्चै हाम्रो बारेमा आवाज उठाउछ ? अब हामी गम्भीर भएर यो प्रश्न गर्दैछौं। कमैया मुक्तिको घोषणा कहिले हुन्छ ? नियम कानून कहिले बन्छ ? कैयौं कमैयाहरू बुकुराबाट निकालिएका छन्, उनीहरू भोक-भोकै छन्, रोइरहेका छन् र अहिले अझ गम्भीर अवस्था सृजना भएको छ।

कमैयाको अवस्था बुझ्न हामी अहिले भद्रकाली जाउँ। भोलि संसदमा कमैयाको पक्षमा आवाज उठाउने र निर्णय गराउने सवालमा पहल गरौं। यदि सबैले आत्मैदेखि कमैया मुक्तिको लागि बोल्नु भएको भए यो आन्दोलनलाई साथ दिनुहोस्। गरीवहरूका लागि कानून बन्नुपर्छ र पीडितहरूको पक्षमा निर्णय हुनुपर्छ। आज पनि कानुन चाहिन्छ कि चाहिदैन भनेर छलफल गर्ने समय छैन, कानून चाहिन्छ र न्याय चाहिन्छ। त्यसैले अब हामी हेर्दैछौं ४० हजार कमैयाको वेदना सुनिन्छ कि सुनिन्दैन ? अब हामी सबै राजनैतिक पार्टीले के भन्छन् के गर्छन् त्यही हेर्दैछौं। हाम्रो सम्पूर्ण ध्यान भोलिको सदनमा केन्द्रित छ। कमैयाहरूलाई खाने-बस्ने समेत समस्या भएको छ त्यसैले अब भोलि नै उनीहरूको मुक्तिको घोषणा गरियोस् भन्ने माग राख्दछु।

अखिल नेपाल किसान संघको अध्यक्ष केशव बडाल

अहिले कमैयाहरूले अगाडि सारेको माग भनेको संविधानमा उल्लेखित ऐन कानून लागू होस् र कानूनले समेट्न नसकेको कुराहरूको लागि कानून बनोस् भन्ने नै हो। कमैयाहरूलाई गैर कानूनी रूपमा थोपरिएको सौंकी विनाशर्त खारेज गरिनुपर्छ र कमैयाहरूको बसोबास तथा रोजगारीको बैकल्पिक व्यवस्था हुनुपर्छ। उनीहरूको जीवन सुरक्षाको ग्यारण्टी हुनुपर्छ।

अतः सुकुम्बासी समस्या समाधान आयोगले तत्कालै कमैयालाई बसोबासको लागि निश्चित भूमिको व्यवस्था गर्नुपर्छ भन्ने हाम्रो माग रहेको छ। भोलि संसदको मूल विषय कमैया मुक्तिको विषय बनोस् भन्ने हाम्रो अनुरोध छ। मानवअधिकार समितिको अध्यक्षबाट पनि यो समस्याको पहल हुनेछ भन्ने हामीलाई विश्वास छ। संसदमा पनि सार्वजनिक महत्वको विषय बनाएर कमैया समस्यालाई उठाएको छ तर निष्कर्षमा पुग्न सकेको छैन। मानवअधिकार आयोगले पनि कृषि श्रमिक समस्या र कमैया समस्यालाई पहिलो

प्राथमिकतामा पार्नुपर्छ। समस्या समाधानको पहिलो पाइलामै कमैयाहरूलाई भूमि प्रदान गर्नुपर्छ। यो समस्या समाधानका लागि तत्काल राज्यले उपयुक्त कानून निर्माण गर्दै वैकल्पिक व्यवस्था र बसोबासको व्यवस्था गराउनु पर्छ।

ट्रेड युनियन महासंघका महासचिव विष्णु रिमाल

यो आन्दोलनको चरम बिन्दुमा अहिले हाम्रो नीति निर्णयमा पहुँच हुने महानुभावहरूबाट कमैया मुक्तिको लागि प्रतिबद्धता जाहेर गरियोस् भन्ने माग राख्दछौं। राज्यले कमैया तथा कृषि श्रमिकको समस्यालाई पहिचान गरेर ज्याला तोक्नेसम्म काम गरेको छ तर त्यो कार्यान्वयन हुन सकिरहेको छैन। कमैयाको सौंकी प्रथाको अन्त्य हुनुपर्छ, बसोबासको व्यवस्था हुनुपर्छ, मालिक र जमिन्दार बिचको अस्वस्थ सम्बन्ध टुट्नु पर्छ। जमिन्दारहरूले बनाएको जालि तमसुकको आधारमा कमैया ऋण मोचन भन्दै उनीहरूलाई नै ऋण तिर्ने काम सरकारबाट गरिनु हुँदैन। मानिसलाई दास बनाउने काम गरिनु हुँदैन। दासको रूपमा रहेका बाँधा कमैयाहरूलाई कमसेकम गरीबको तहमा ल्याइनु पर्छ। हामी कमैया मुक्ति आन्दोलनमासंगै रहनेछौं र सदनमा पनि कमैया मुक्तिका लागि स्थगन प्रस्ताव आओस् भन्ने हाम्रो माग छ।

डा. मथुराप्रसाद श्रेष्ठ

कमैया राख्ने, बाँधा बनाउने प्रचलन एउटा अवैधानिक प्रचलन हो। अवैधानिक स्रोत या सम्पत्ति परिचालन गर्न पाइन्छ कि पाइदैन ? कानूनले इन्कार गरेको प्रचलन, दास-दासी राख्नेर गैर कानूनी ढंगले सौंकी उल्लेख गर्ने व्यक्तिलाई दण्ड दिनु पर्छ कि पर्दैन ? आफ्नो जीवनको पूर्ण भाग नै जमिन्दारको सेवामा व्यतित गर्दापनि उनीहरूले ऋणी बन्नु नाजायज र अन्यायपूर्ण हो।

बाँधा तथा उत्पीडित जातिहरूलाई पछाडि पार्न त्यसै समाजभित्र पनि गलत संस्कार र परम्पराहरू हुन सक्छन् त्यस्ता संस्कार र परम्पराविरूद्धमा पनि आवाज उठाइनु पर्छ र सुधार गर्नुपर्छ। राजनैतिक पार्टीहरूले पनि आफ्ना मातहत कार्यकर्ताहरूलाई कमैया राख्न नपाउने र राख्नेमा कारवाही गर्ने प्रतिबद्धता पनि जाहेर गर्नुपर्छ।

जीवनप्रेम श्रेष्ठ (सामाजिक न्याय समितिको सभापति)

यो समयमा यस्तो कार्यक्रमको आयोजना अत्यन्त सान्दर्भिक छ। अहिले मुलुकको ज्वलन्त समस्या मध्ये कमैया समस्या पनि एक हो। यस समस्यालाई समाधान गर्न हामीले तत्काल तयार हुनु पर्नेछ। सामाजिक न्याय समितिलाई आफ्नो जिम्मेवारीमा गति प्रदान गर्न विशेषगरी प्रमुख प्रतिपक्षी दल र सबै विपक्षीहरूबाट सहयोग पाउदै आएका छौं।

हामी कमैया समस्याको पहिचान गर्दै समाधानगर्न पहल गरिरहेका छौं। समस्या पहिचान भैसकेको छ, समाधानको लागि निर्णय गर्न बाँकी छ। सामाजिक न्याय समितिबाट पनि यो समस्या समाधानको लागि प्रतिवेदन पेश गरिसकिएको छ। उक्त प्रतिवेदनमा कमैयाहरूको आवास र बैकल्पिक रोजगार हुनुपर्छ भन्ने पनि उल्लेख गरिएको छ। सामाजिक न्याय समितिको तर्फबाट कमैया आन्दोलनलाई समस्या समाधानको लागि पहल गर्ने प्रतिबद्धता समेत जाहेर गर्दछु। अहिले श्री ५ को सरकारले पनि यो समस्या समाधानको लागि चासो राखेको छ। सामाजिक न्याय समितिको तर्फबाट मैले प्रधानमन्त्री (गिरिजाबाबु) संग पनि कमैया प्रथा अन्त्यको लागि राजनैतिक प्रतिबद्धता जाहेर गर्दै क्याबिनेटबाट तत्काल कानुन बनाउनु पर्छ भन्ने कुरा राखेको छु। क्याबिनेटबाट विधेयक आएर पनि कानूनको रूप पाउन समय पर्खनु पर्छ। जे भए पनि देशभित्र विद्यमान सबै किसिमका कुरीतिको अन्त्यको लागि सामाजिक न्याय समिति लागिरहने छ।

कमैया मुक्ति संघर्ष समितिका अध्यक्ष, राजदेव चौधरी

हामी न्याय खोज्न राजधानी आएका छौं। हाम्रो ऋण मुक्ति लिखित रूपमा हुनुपर्छ। हाम्रो बसोबासको व्यवस्था हुनुपर्छ। अहिले आन्दोलनमा ओर्लिएका कमैयाहरूका बुकुरामा जमिन्दारले ताल्चा लगाएका छन्। खानेकुरा, लुगाफाटा, भाँडाकुडा सबै बन्द गरिएको छ। हामी कमैयाहरूको जीवन पशुभन्दा पनि गए गुज्रेको छ। कैलालीके जमिन्दार शिवराज पन्तको घरका एक जना कमैयालाई जमिन्दारले नै पिटेर ढाड भाँचेको छ। उसकी छोरीलाई पनि जमिन्दारले बेपत्ता पारेको छ। सोही कमैयाको नाममा ९८ हजार सौंकी (ऋण) समेत छ। हामी सबै रगत पसिना जमिन्दारकै लागि बनाउछौं फेरि हामी नै ऋणी र बधुवा पनि बनेका छौं त्यसैले अब हामी मुक्ति चाहान्छौं।

मानवअधिकार समितिका सभापति, सोमप्रसाद पाण्डे

हामीले कमैया समस्या समाधानको लागि सरकारसंग माग राखेका छौं। तर अहिलेसम्म सरकारबाट आवश्यक सुनुवाई भैरहेको छैन। यो समस्या समाधानका लागि साच्चिकै भावनात्मक रूपमा तयार हुने हो भने अहिले भएकै कानूनबाट पनि केही गर्न सकिन्छ। कमैयाहरूलाई जाली शौंकी र जाली तमसुकले बाँधेको छ। हाम्रो पार्टी (नेकपा एमाले) ले आफ्नो पार्टी मातहतका नेता, कार्यकर्ता कसैको पनि घरमा कमैया राखेको जानकारी आएमा कारवाही गरिने प्रतिबद्धता समेत जाहेर गरिसकेको छ। त्यसैले हामी पनि सरकार समक्ष अनुरोध गर्छौं। यो समस्या समाधानको लागि विना कञ्जुसी निर्णय हुनुपर्छ।

मानवअधिकार आयोगका सदस्य, कपिल श्रेष्ठ

यो देशमा प्रजातन्त्रको पुनर्स्थापना भएको दश वर्ष बितिसक्दा पनि मध्ययुगीन अवशेष बाँकी रहनु अत्यन्त लज्जास्पद कुरा हो। यो कमैया समस्या मध्ययुगीन दास युगको अवशेष हो। मानवअधिकार आयोग तथा मानवअधिकार आन्दोलन भनेको दलित, शोषित र पीडितहरूको आवाज हो। हामी माथिल्लो र उपल्लो वर्गभन्दा पीडित वर्गको आवाजलाई ज्यादा महत्व दिएर अगाडि बढ्छौं। मानवअधिकारको प्रथम प्रस्थानविन्दु भनेकै मानिसको बाँच्न पाउने अधिकार हो। नेपालले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय ऐनमा पहिलो नै दासता सम्बन्धी अभिसन्धि हो। त्यसैले कमैया तथा बाँधा प्रथाको अन्त्य र सौंकीको खारेजी गर्न कुनै अर्को कानूनको जरूरत पर्दैन। चन्द्रशमशेरले समेत त दास प्रथाको अन्त्य गर्न हिचकिचाएनन् भने अहिलेको सरकारले कमैया प्रथाको अन्त्य गर्न कुनै कन्जुस्याई गर्नु पर्दैन। कमैया मुक्ति गरेर क्षतिपूर्ति सहित उनीहरूको पुनर्स्थापना गरिनु पर्छ। हामी मानवअधिकार आयोगको तर्फबाट कमैया आन्दोलनलाई समर्थन गर्दै समस्या समाधानको लागि सरकारलाई समेत आवश्यक सहयोग गर्ने प्रतिवद्धता जाहेर गर्दछौं।

मानवअधिकार आयोगको सदस्य, सुशील प्याकुरेल

हाम्रो जिम्मेवारी भनेको राज्यलाई मानवअधिकार प्रति उत्तरदायी बनाउनु हो। भद्रकालीमा रहेका कमैयाहरूको बारेमा अहिलेसम्म पनि सरकार मौन रहन्छ भने यो पनि मानवअधिकार हनन नै हो। कसैलाई प्रहरीले गिरफ्तार गर्दा समाचार बन्छ, लाठी प्रहार गर्दा समाचार बन्छ तर कोही मानिसले म अझै दास छु, बधुँवा र म मुक्ति चाहन्छु भन्दा किन समाचार बन्दैन।

कमैयाको समस्यालाई लिएर भोलि संसदमा हंगामा हुन सक्ला, सिंहदरबारमा धर्ना होला, कमैया मुक्तिको घोषणा होला तर उनीहरूको भरणपोषणप्रति सरकार उत्तरदायी पनि हुनुपर्छ। ती मुक्त भएका कमैयाहरूको पुनर्स्थापनाको लागि जमिन चाहिन्छ। कमैया पुनर्स्थापनाको लागि उनीहरूले आफ्नो श्रम र पसिना बगाएको जमिन उपलब्ध गराउनु पर्छ। त्यसैले कमैयामुक्तिको घोषणाले मात्र कमैया आन्दोलन रोकिदैन। श्री ५ को सरकारले नै निर्धारण गरेको न्यूनतम ज्यालाको माग गर्दा पनि सम्बन्धित पक्षले किन कारवाही गर्न सक्दैन ? यो सरकारको पनि लाचारी पन हो।

हामी अहिले मानवअधिकार आयोगमा छौं हिजोभन्दा आज हाम्रो भूमिका फेरिएको छ। हामी अहिले आन्दोलनप्रति प्रतिबद्ध भएर पनि भौतिक रूपमा साथै जान सकिरहेका छैनौं। तर हाम्रो दायित्व भनेको सरकारलाई सदा मानवअधिकारप्रति उत्तरदायी बनाउनु हो।

यसै सन्दर्भमा नेकपा (एमाले) का महासचिवले पनि कमैया राख्ने नेता तथा कार्यकर्ताहरूलाई कारवाहि गराउने प्रतिबद्धता जाहेर गर्नु भएको थियो, जसलाई हामीले स्वागत पनि गरिसकेका छौं। तर उक्त निर्णय पश्चात् नेकपा (एमाले) का कति जना कार्यकर्तालाई कारवाही भयो यो पनि हामी जान्न चाहन्छौं। निर्णय गरिएका कुराहरू व्यवहारमा पनि कार्यान्वयन भए भने मात्र परिवर्तनको अनुभूति हुन्छ। अतः नेकपा एमालेले जस्तै अन्य राजनैतिक पार्टीहरूले पनि प्रतिबद्धता जाहेर गर्न तत्पर हुनुपर्यो र ती प्रतिबद्धताहरू व्यवहारमा आउनु पर्यो।

प्रमुख प्रतिपक्षी दलका नेता, माधवकुमार नेपाल

अधिकार प्राप्तिको लागि जनताहरू जुर्मुराउनु पर्छ र अधिकारको खोजी गर्नुपर्छ तर आज पनि हाम्रो समाजमा बाँधा श्रम प्रणाली जिवितै रहनु, मानिस किनवेच हुँदैछ भन्ने कुरा सुन्नु र देख्नु अत्यन्त लाजमर्दो कुरा हो। यस्तो अवस्थामा यो कार्यक्रमको आयोजना हुनु अत्यन्त सान्दर्भिक छ। पश्चिमको कमैया मुक्ति आन्दोलन, पूर्वको दलित मुक्ति आन्दोलन र महिला माथिका हिंसा विरूद्धको आन्दोलन सबै एकै पटक चर्कनु पर्छ। संसदका हरेक राजनैतिक पार्टीका सदस्यहरूले उठाउने आवाजले मानवअधिकार आन्दोलनलाई सहयोग पुग्नै पर्छ र ती आवाजहरूले सरकारलाई पनि प्रेरित गर्नैपर्छ। कमैया प्रथासंगै हलिया प्रथा र अरू कृषि मजदूरका लागि पनि एकै साथ कानून निर्माण हुनुपर्छ।

श्री ५ को सरकारले कमैया प्रथा अन्त्यको नाममा कार्यक्रम त अगाडि ल्याएको छ तर सरकारकै कोषबाट रकम निकालेर कमैयाका मालिकहरूलाई ऋण तिर्ने कार्यक्रम गर्न लागेको छ। त्यसले कमैयालाई कुनै पनि राहत दिन सक्दैन। कमैया समस्या समाधानका लागि प्रतिपक्ष र प्रधानमन्त्रीको पनि कुरा मैरहेको छ। हाम्रो भनाई छ कुनै पनि सरकारी निर्णय र कानूनको आडमा खोक्रो घोषणा र निर्णय मात्र गरिनु हुँदैन। कमैया समस्या समाधानका लागि ऋण तिरिदिने हैन त्यस्तो गैर कानूनी ऋणलाई स्वतः मिना गराइनु पर्छ। कमैया बसोबासको व्यवस्था गराइनु पर्छ जसको लागि प्रत्येक परिवारले कम्तिमा पाँचकठ्ठा जमिन पाउनु पर्छ। कमैयाहरूले बाँधा अवस्थाबाट मुक्ति पाए पछि श्री ५ को सरकारले घोषणा गरेको न्यूनतम ज्याला उनीहरूलाई उपलब्ध गराउन पहल गर्नुपर्छ। सरकारले गरीबि निवारणलाई उच्च प्राथमिकता दिएको छ भने कमैयाहरूलाई विशेष किसिमले त्यो कार्यक्रम भित्र समेटिनु पर्छ।

कमैयाहरूले वर्षौसम्म गरेको मेहनतको कदर गर्दै भूमिमाथिको मोहियानी हक प्राप्त गराउनु पर्छ। हामी पनि सदनमा यस विषयमा सशक्त रूपमा आवाज उठाइरहेका छौं। कमैया आन्दोलनमा ऐक्यबद्धता जाहेर गरिरहेका छौं। यसै सन्दर्भमा मैले नेपालगञ्जमा आफ्नो पार्टीको कार्यकर्तामाझ घोषणा गरेको थिए- हाम्रो पार्टीले यो कुप्रथा हटाउनलाई पहल गर्नुपर्छ। कमैयालाई कमैया जीवनबाट मुक्त गराएर कृषि मजदूरको रूप दिनु पर्छ र पार्टीका नेता तथा कार्यकर्ता कसैले पनि कमैया राख्न पाइने छैन र राखेमा पनि विनाशर्त मुक्त गराउनु पर्छ भन्ने उल्लेख गरेको हो।

कमैयाहरूले आफ्नो इच्छा विपरित दास तथा अर्धदासको रूपमा जीवन बिताउन बाध्य हुनु हुँदैन। अहिले हाम्रो पार्टीभित्र पनि औपचारिक रूपमै कमैया राख्न नपाउने निर्देशन जारी गरिसकेको छ। यदि कसैले पनि त्यस्तो फेला पार्नु भएमा हामीलाई जानकारी दिनुहोस्। हामी हाम्रा पार्टी सदस्यलाई कारवाही गर्नेछौं, दण्डित गर्नेछौं। सामाजिक सरोकारको विषयमा अहिले राज्यले चाँसो राखिरहेको छैन, जसको उदाहरण सिराहाको चमार काण्ड हो। त्यसैगरी कैलालीको धनगढीमा पीडित पक्षलाई अझ पीडित गराएर पीडक पक्षलाई नै संरक्षण प्रदान गरिरहेको छ। यसरी श्री ५ को सरकार आफैले बनाएको नीति र व्यवहारमा मेल खाँदैन भने त्यस्तो प्रतिबद्धता र निर्णयको कुनै अर्थ हुँदैन। हामी कानूनको शासन हुनुपर्छ भन्छौं तर व्यवहारमा त्यसो भइरहेको छैन। संविधानलाई व्यवहारमा रूपान्तरण गर्न इमान्दारिताको आवश्यकता छ।

हामी कमैया समस्या समाधानको लागि भोलि सदनमा स्थगन प्रस्ताव ल्याउदैछौं तर आशा पनि गर्छौं प्रधानमन्त्रीबाटै कमैया मुक्तिको घोषणा प्रस्ताव अगाडि आउने छ। यदि त्यसो भयो भने पनि हामी अझ खुशी हुनेछौं।

सार्वजनिक लेखा समितिको सभापति, सुभाष नेम्वाङ्ग

संसदमा, प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिले एउटा संसदीय निर्देशन जारी गरिसकेको छ। जस अनुसार कमैया क्षेत्रबाट प्रतिनिधित्व गर्नु भएका सबै संसदहरूसंग छलफल गर्दै कमैयासंग सम्बन्धित समस्या समाधानको लागि ऋण मोचनको नाममा जमिन्दारहरूलाई नै रूपैया तिर्दै पुरस्कृत गरिनु हुन्न भन्ने निर्णय गरेर सरकार समक्ष सोही निर्णय पेश गरिएको छ। कमैया मुक्ति र ऋण मिनाहा मात्र हैन कमैयालाई बसोबासकोलागि जमिन र कमैया वृत्ति विकासको कार्यक्रम पनि अगाडि ल्याउनु पर्छ भन्ने समेत सरकारलाई निर्देशन जारी गरिएको छ।

विभिन्न क्षेत्रको प्रतिनिध्तव गर्दै राष्ट्रिय नीति निर्णयमा पहुँच पार्न सक्ने महानुभावहरूबट मन्तव्य व्यक्त गर्ने कार्य समाप्त भइसकेपछि अन्तरक्रिया कार्यक्रमको पहिलो चरण समाप्त भयो। दोस्रो चरणमा छलफलको प्रक्रिया आरम्भ भयो। दोस्रो चरणको छलफल कार्यक्रमलाई कार्यक्रमको अध्यक्ष गंगा कसजुले संचालन गर्नुभयो।

छलफलमा उठेका जिज्ञासाहरू

महाविर प्रसाद सिंह

कमैया आन्दोलन अहिले बाटैमा रोकिने अवस्था किन भइरहेको छ। संविधान विपरित काम किन भइरहेको छ। कुनै कमैया प्रशासन समक्ष न्याय माग्न जाँदा न्याय पाउदैन तर र जमिन्दारलाई प्रशासनले सुरक्षा प्रदान गरिरहेको छ। त्यस्तो प्रशासकलाई किन दण्डित भइरहेको छ तर सरकार मौन छ, त्यस्ता जमिन्दारहरूलाई किन सरकारले दण्डित गर्दैन।

पवन ओझा, अधिवक्ता

कमैया समस्याका सम्बन्धमा प्रस्तुत सबै अभिव्यक्ति सान्दर्भिक छन्। तर वर्तमान कानूनले कमैया समस्या समाधानको लागि सहयोग पुऱ्याइरहेको छैन। सौंकी खारेज गर्न पनि कानूनको आवश्यकता पर्छ जुन

स्वतः खारेज गर्न मिल्दैन। त्यसैले कमैया प्रथाभित्रको बाँधा श्रम प्रणालीको अन्त्य गर्न कानूनकै आवश्यकता पर्छ। श्री ५ को सरकारले कुनै पनि कुरा घोषणा त गर्छ तर घोषणा अनुसार कार्यान्वयन हुन सक्छ कि सक्दैन ?

केशवप्रसाद रेग्मी, एन जि ओ फेडरेशन केन्द्रीय सदस्य

कमैया समस्या वारेमा सबै पक्ष जानकार हुँदाहुँदै पनि किन समाधान गर्न सकिएको छैन ?

वेसको अध्यक्ष डिल्ली चौधरी

कमैया मुक्तिका लागि तत्काल कानूनी व्यवस्था चाहिन्छ। सो व्यवस्था नहुन्जेल कमैया आन्दोलन जारी रहनेछ। तत्काल हामी कमैया मुक्ति घोषणाको माग राख्दछौं। कमैया आन्दोलनकै क्रममा ११ दिनदेखि वाह्र वर्षको वच्चा समेत अपहरण गरिएको छ। कमैयाहरूले कुटाई पिटाई खाइरहेका छन्। सिडिओलाई त्यहाँबाट सरूवा गरिसकियो। यस्तो अवस्थामा आन्दोलन अझ चर्कन सक्छ, त्यसको लागि राज्यपक्ष गम्भीर वन्नुपर्छ।

भरतबहादुर कार्की, मानवअधिकार तथा सामाजिक न्याय मंच

नेपालको संविधानमै शोषण विरूद्धको हक भनेर उल्लेख गरिएको छ। त्यसैले कमैया प्रथा एउटा कुसंस्कार हो। यसलाई तोड्न खास कार्यक्रम नै अगाडि ल्याउनु पर्छ।

माननीय सुरेन्द्र पाण्डे

यस अगाडि पनि कमैया समस्या सम्बन्धमा गोष्ठी र छलफल कार्यक्रम भैसकेको छ। बाँधा श्रम भन्ने परिभाषा नै उल्लेख गरिएको छैन त्यसैले बाँधाको परिभाषा सहितको ऐन हुनुपर्छ भन्ने कुरा पनि अगाडिदेखि नै आइरहेको छ।

सुशील प्याकुरेल, राष्ट्रिय मानवअधिकार आयोग सदस्य

बाँधा श्रम प्रणाली भनेको के हो ? कस्तो हो ? भन्ने बारेमा कानुनमा स्पष्ट परिभाषा छैन। अन्तर्राष्ट्रिय कानून अनुसार परिभाषित गर्ने हो भने न्यूनतम ज्याला भन्दा कम पाउने व्यक्तिहरू बाँधा श्रमिक हुन् भनिएको छ। तर नेपालको कानूनमा उक्त कुरा उल्लेख छैन। तसर्थ परिभाषित कानून पनि बन्नु पर्छ र कमैया मुक्तिको घोषणा पनि हुनुपर्छ।

डा. मथुरा श्रेष्ठ

सन्धी ऐन २०५० अनुसार अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई पनि राष्ट्रिय कानून सरह मान्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ। त्यसैले वर्तमान कानून अपुग भए कानून पनि बनाउने र कमैया मुक्तिको घोषणा पनि तत्काल गरिहाल्नु पर्ने हुन्छ।

छलफलबाट उठेका प्रश्नहरु समेट्दै प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपाल

सरकारले सर्वप्रथम कमैया मुक्ति र सौंकी मिनाहाको घोषणा गर्नुपर्छ। घोषणा पश्चात् एउटा विशेष कमिटी गठन गरेर खास खास आधारहरू तयार गर्नुपर्छ। ती आधारहरूलाई हेर्दै कार्यक्रम तयार गर्ने र कार्यान्वयन गर्ने गर्नुपर्छ। बाँकी समस्या समाधानका लागि यसै अधिवेशनबाट कानून बनाउन पनि सकिन्छ, जसको लागि सरकार तयार हुनुपर्छ।

छलफलको क्रम सकिएपछि कार्यक्रमको अध्यक्षता र संचालन गर्नु भएको गंगा कसजुवाट अन्तरक्रिया कार्यक्रम समापन भयो।

अनुसूचीहरु

डा. शिव शर्माले प्रस्तुत गर्नु भएको कमैया तथा कृषि मजदूरको अवस्था विश्लेषण तथ्यांक

तालिका १ : कमैयाहरुको आम्दानी

दाङ (मुरीमा)	बांके (क्वीन्टलमा)	बर्दिया (क्वीन्टलमा)	कैलाली (क्वीन्टलमा)	कन्चनपुर (क्वीन्टलमा)
कमैया २६ (रु.१३,२२०)	१२ (रु.१०,८००)	१२ (रु.१०,८००)	१२ (रु.१०,८००)	१० (रु.१०,९००)
परिबारबाट सरदरमा दुईजना बर्षमा ३६० दिनको हिसावले काम गर्दा दैनिक ज्यालादर दाङमा रु. १८.४० बांके, बर्दिया, कैलाली, कन्चनपुरमा रु. १५.००				

स्रोत : प्राची, पूर्णांक २९, असार २०५६

तालिका न. २ : सामान्य परिवारको खर्च (सरदर एक घरमा ४ जना)

१. चामल (१४६०	१ के.जि. को रु. १९ का दरले	२५,९२०.००
२ नून, तेल, बेसार,	प्रतिव्यक्ति रु. ३ का दरले	४,३२०.००
३. तरकारी	प्रतिव्यक्ति रु. ४ का दरले	५,७६०.००
४. औषधि खर्च	प्रतिव्यक्ति रु. १ का दरले	१,४४०.००
५. कपडा	प्रतिव्यक्ति रु. ५७६ का दरले	२,३०४.००
६. ओढ्ने कपडा	प्रतिव्यक्ति रु. ३६० का दरले	१,४४०.००
७. चाडपर्व	प्रतिव्यक्ति रु. ६०४ का दरले	२,४१६.००
८. २ वटा बच्चाको	प्रतिव्यक्ति रु. ६८४ का दरले	१,३६८.००
	जम्मा	४४,९६८.००

स्रोत : प्राची, पू०आ० २९, असार २०५७

तालिका ३ : ज्यालामा काम गर्ने कृषि श्रमिकको संख्या

क्षेत्र	पुरुष	महिला	जम्मा	प्रतिशत	प्रति जिल्ला ज्यालामा काम गर्ने श्रमिक
नेपाल	७८५,९०८	१,२५६,५६८	२,०४२,४७६	१००.०	२७,२३३
हिमाली जिल्ला	५४,०७६	१२६,८७८	१८०,९५४	८.९	११,३१०
पहाडी जिल्ला	३३०,४५०	५९७,०२४	९२७,४७४	४५.४	२३,७८१
तराई जिल्ला	४०१,३८२	५३२,६६६	९३४,०४८	४५.७	४६,७०२

स्रोत : प्रोसीडिंगस अफ हाइ लेभेल पनेल डिसकसन अन कन्टेम्परारी ट्रेड युनियन इस्यूज, जीफन्ट १९९९

चित्र नं. १
जिल्लाहरुमा कमैयाको संख्या



चित्र नं. २
जिल्लाहरुमा कमैया प्रथामा महिलाहरुको संख्या



चित्र नं. ३
जिल्लाहरुमा कमैया प्रथामित्रका बालश्रमको संख्या



चित्र नं. ४

जिल्लाहरुमा अत्यधिक मार स्थायी कृषि श्रमिकको संख्या



बाधाश्रमका बाध्यता

(क) दैनिक अत्यधिक बढी घण्टा काम

(ख) कम ज्याला दर

(ग) ज्यालामा नियन्त्रण — धेरै दिनको ज्याला एक पटक
(बाली भित्र्याउंदा !)

(घ) एक जनाको ज्यालामा परिवारका अरु सदस्यले पनि काम

↓

ऋण खानुपर्ने बाध्यता

↓

ऋण तिर्ने उपाय नास्ति

↓

बधुवापन प्रारम्भ

कार्यक्रममा उपस्थित सहभागीहरुको नामावली

कमैया समस्या र समाधान
विषयक अन्तरक्रिया कार्यक्रम
०५७ श्रावण १

क्र.सं.	नाम	ठेगाना/संस्था	फोन नम्बर	हस्ताक्षर
१	देविका तिमिल्सिना	इन्सेक	२६००६००	
२	[illegible]	रा. मानव अधिकार आयोग	५२५६५६	
३	[illegible]	"	"	
४	डा. मधुसूदन प्रसाद [illegible]	REC PHEC/Alliance	३७११११	
५	सर्व राज [illegible]	RRW/ Alliance	५१५५१३	
६	[illegible]	[illegible]/ ALLIANCE	२६०६६०	
७	दीपक राज काफले	इन्सेक/	२६००६००	
८	विष्णु सिलवाल	जिफस	४५००७२	
९	शिव राम	इन्सेक / राष्ट्रिय श्रम प्रतिष्ठान	२६००६००/२४८०६९	
१०	[illegible]	[illegible]	४६४२६१	
११	प्रेम तिवारी		२७२३६८	
१२	सुरेन्द्र प्र. पाण्डे	[illegible]	२१६५४	
१३	शान्ता जानकी	के.ज.स. निकया (एमसी)	४९०४२४	
१४	[illegible]	[illegible]	[illegible]	
१५	विनय गुरुङ	WOREC	५९४८१५	
१६	मोती चौधरी	बारिया		मोती चौधरी
१७	लक्ष्मी [illegible]	[illegible]		
१८	सिद्ध चौधरी	बारिया		
१९	फकीराम चौधरी	बेलाली		
२०	[illegible]	[illegible]		
२१	[illegible]	बारिया		
२२	[illegible]	कमैया [illegible] प्रा.[illegible] परिचालन [illegible]		
२३	पुजा [illegible]	[illegible] समूह	४९४८५५	
२४	[illegible]	[illegible] इन्टरनेशनल (प्रा.लि.)	५२०१५५	
२५	नवराज [illegible]	हिमालय टाइम्स दैनिक	५१४४१२/५४३०५५	
२६	[illegible]	[illegible] राम	२४०३१७/२६५५५३	
२७	लाल बहादुर विश्वकर्मा	राष्ट्रिय [illegible] संघ	४५६६२०	
२८	जय प्रसाद पौडेल	[illegible]	३८३३०२	
२९	[illegible] चौधरी	बेलाली		
३०	तुलसीराम चौधरी	टाडा		
३१	विश्व राम चौधरी	बेलाली		
३२	प्रयुप्त [illegible]	मार्टिन चौतारी	२४२०६५	
३३	लक्ष्मण [illegible]	[illegible] (पारतहिक)		
३४	गणेश चारन	बारिया		
३५	[illegible]	[illegible]	४९६६६०	

क्र.सं.	नाम	संघ/संस्था	फोन नम्बर	दस्तखत
३६	हर्क बहादुर विष्ट	सामान्य निम्ती युवा मंच	४३६६६०	
३७	ईश्वरी विष्ट खुर्पेल	नेपाल लेखापरीक्षक	२४८४११	
३८	प्रा. मन बहादुर शाही	ALLIANCE	२११७६२	
३९	रत्न शाही	आर.आर.एन.	४९४६५८	
४०	राम प्रसाद गुरुङ	Oxfam Nepal	५३६०७५	
४१	म. बीर. ए० सिंह	आदिवासी नेपाल विकास संघ	४६३४२५	
४२	कविता गहत	नं. प. कानूनमन्त्री		
४३	[illegible]	नं. [illegible]	—	
४४	राम कृष्ण खत्री	खाने पानी समूह	२४५३२०	
४५	खेम [illegible]	[illegible]	२४८८३५	
४६	शैलेन्द्र राजोपाध्याय	[illegible]	२२६६८४	
४७	डिल्ली चौधरी	[illegible]	०२२-२००४५	
४८	जीवन प्रेम थेम	सभापति सामाजिक न्याय समिति राष्ट्रिय सभा	४२२२२८	
४९	सोम प्रसाद पाण्डेय	सभापति - परराष्ट्र सम्बन्ध तथा [illegible] आयोग (समिति) -	४६३३९०	
५०	राजदेव चौधरी	नेकपाली	—	—
५१.	गंगा कसजू	मानव अधिकार तथा सा. न्याय मञ्च, नेपाल.	५०३६०२	
५२	विजय गौतम	मसक		
५३.	मिलन नकर्मी	डुर्पेक - नेपाल	४६५३४२	
५४.	आशुतोष तिवारी	[illegible] चौधरी	२४६०५५	
५५.	[illegible]	डुर्पेक		
५६	विमला [illegible] शर्मा	"	२६०६६०	
५७	प्रेम पराजुली	"	"	
५८	पवन कुमार [illegible]	DbL	४१६५४२	
५९	प्रबल शर्मा	इन्सेक	२६८६६०	
६०	कमला पराजुली	इन्सेक	२६०६६०	
६१	सुशील [illegible]	रेडियो [illegible]	४४२२४६	
६२.	लक्ष्मीकान्त [illegible]	व त्रिभुवन विश्वविद्यालय	—	
६३.	गणेश पराजुली	मार्टिन चौतारी	२४६०६२	
६४	सुमन पराजुली	"	"	
६५	बिश्वेश्वर [illegible]	राष्ट्रिय सभा सदस्य	४८४४३८	
६६.	सुभाष चन्द्र नेम्बाङ	सभापति सार्वजनिक लेखा समिति		
६७.	भरत मोहन अधिकारी	प्रमुख सचेतक प्रतिनिधिसभा		
६८.	केशव प्रसाद देवकोटा	गैर सरकारी [illegible] महासंघ		

कार्यक्रमको फोटो

विषयक अन्तरक्रिया कार्यक्रम